# धुनिवेशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, २०८१

स्विकृत मितिः २०८१-०७-१३

**प्रस्तावनाः** धुनिवेशी नगरपालिकाको "समृद्ध धुनिवेशी, सुखी नगरवासी"को लक्ष्य हासिल गर्न शिक्षालाई मुख्य आधारका रुपमा लिई नगरपालिकाको सामुदायिक विद्यालय शिक्षाको क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउने व्यक्ति तथा शैक्षिक क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी तथा शिक्षण संस्थालाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

धुनिवेशी नगरपालिकाको कार्यपालिकाले धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८० को दफा ४९ को अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १
## परिभाषा र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "धुनिवेशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ ।

(ख) **"आधारभूत विद्यालय"** भन्नाले कक्षा आठसम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ग) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) **"ऐन"** भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा ऐन २०८० लाई सम्झनु पर्छ ।

(ङ) **"कार्यपालिका"** भन्नाले धुनिवेशी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(च) **"नगरपालिका"** भन्नाले धुनिवेशी नगरपालिका सम्झनु पर्छ ।

(छ) **"नगर प्रमुख"** भन्नाले धुनिवेशी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ज) **"नगर उपप्रमुख"** भन्नाले धुनिवेशी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(झ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको शिक्षकलाई सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) **"प्रारम्भिक बाल विकास शिक्षा"** भन्नाले पाँचवर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक तथा व्यवसायिक ज्ञान, सीप र अभिवृद्धिसँग सम्बन्धित विषयवस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) **"बालकक्षा शिक्षक"** भन्नाले प्रारम्भिक बाल विकास केन्द्रका बालबालिकाको सिकाइ सहजीकरण गर्ने अध्यापक सम्झनु पर्दछ ।

(ढ) **"माध्यमिक विद्यालय"** भन्नाले कक्षा ९ देखि पठनपाठन हुने कक्षा १२ सम्मको विद्यालय सम्झनु पर्छ ।

(ण) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(त) **"विद्यालय"** भन्नाले प्रचलित कानूनबमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक वा सार्वजनिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(थ) **"विद्यालय कर्मचारी"** भन्नाले शिक्षण कार्यबाहेक विद्यालयको अन्य कार्य गर्न नियुक्त व्यक्ति बुझ्नुपर्दछ ।

(द) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले धुनिवेशी नगरपालिकाको नगर शिक्षा ऐन २०८० बमोजिम गठित विद्यालयको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ध) **"शाखा"** भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(न) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ ।

(न्न) **"शिक्षा समिति"** भन्नाले धुनिवेशी नगरपालिकाको नगर शिक्षा ऐन बमोजिम गठित नगर शिक्षा समिति सम्झनु पर्छ ।

(प) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## विद्यार्थीलाई पुरस्कृत तथा सम्मान गर्ने सम्बन्धी व्यवस्था

३. **विद्यार्थी पुरस्कृत तथा सम्मान गर्ने अवस्थाः** (१) नगरपालिकाले सामुदायिक विद्यालयको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (BLE) कक्षा ८, माध्यमिक शिक्षा परीक्षा (SEE) र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLC) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत र सम्मान गर्नेछ ।

(२) पुरस्कृत र सम्मान पाउने विद्यार्थी धुनिवेशी नगरपालिकाको सामुदायिक विद्यालयबाट परीक्षामा सम्मिलित भएको हुनुपर्नेछ ।

(३) सामुदायिक विद्यालयतर्फ दफा ३ को उपदफा (१) बमोजिमका परीक्षामा उत्कृष्ट सबैभन्दा बढी जिपिए प्राप्त गर्ने छात्र र छात्राबाट एक एक जना विद्यार्थीलाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ ।उत्कृष्ट र सबैभन्दा बढी जिपिए ल्याउने विद्यार्थी एकजना भन्दा बढी भएमा सबैलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

(४) पुरस्कृत तथा सम्मानित हुने विद्यार्थीले परीक्षामा कम्तिमा ३ जिपिए ल्याएको हुनुपर्नेछ ।

४. **निवेदन संकलन गर्नेः** नगरपालिकाले पुरस्कृत तथा सम्मान प्राप्त गर्न योग्य विद्यार्थीहरुको विद्यालयबाट निवेदन संकलन गरी सिफारिस गर्न सूचना प्रकाशित गर्नेछ ।विद्यालयमा विद्यार्थीले पेश गर्ने निवेदनको ढाँचा अनुसूची- १ अनुसार हुनेछ ।

**५.** **पुरस्कार र सम्मानः** पुरस्कृत तथा सम्मानका लागि छनोट भएका उत्कृष्ट विद्यार्थीहरुमध्ये SLC लाई १५ हजार, SEE लाई १० हजार र BLE लाई पाँच हजार रुपैया तथा सम्मान-पत्र प्रदान गरिनेछ ।

## परिच्छेद- ३

## उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्नेसम्बन्धी व्यवस्था

६. **पुरस्कृत हुने विद्यालय संख्याः** नगरपालिकाले प्रत्येक वर्ष सामुदायिक विद्यालयतर्फ कक्षा ५ सम्मका विद्यालयहरुमध्ये एक, कक्षा छदेखि कक्षा ८ का विद्यालयहरुमध्ये एक, कक्षा ९देखि कक्षा १२सम्मका विद्यालयहरुमध्ये एक गरी तिनवटा विद्यालयलाई पुरस्कृत तथा सम्मान गर्नेछ ।

७. **छनोटका आधारः** (१) उत्कृष्ट विद्यालय छनोटका आधार अनुसूची-२मा उल्लेख भएबमोजिमका सूचकका आधारमा हुनेछ । विद्यालयले अनुसूची-२ अनुसारको फाराम भरी प्रधानाध्यापक र विव्यस अध्यक्षले प्रमाणित गरी नगरपालिकाले तोकेको समयमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।नगरपालिकाले उक्त फाराम सत्यापन गर्नेछ ।

(२) पुरस्कृत र सम्मान प्राप्त गर्ने विद्यालयले छनोट आधारको कुल अंकको कम्तिमा ६० प्रतिशत हासिल गर्नु पर्नेछ ।

८. **पुरस्कार तथा सम्मानः** (१) छनोट भएका विद्यालयमध्ये सामुदायिक विद्यालयतर्फ कक्षा ५ सम्मको विद्यालयलाई रु.५००००।-, कक्षा छदेखि कक्षा ८ को विद्यालयलाई रु.७००००।-, कक्षा ९देखि कक्षा १२सम्मको विद्यालयलाई रु.१०००००।- तथा सम्मान पत्र र दोसल्ला प्रदान गरिनेछ ।

## परिच्छेद- ४

## धुनिवेशी शिक्षा पुरस्कारसम्बन्धी व्यवस्था

९. **धुनिवेशी शिक्षा पुरस्कार प्राप्त गर्ने व्यक्तिः** धुनिवेशी नगरपालिकाले नगरपालिकाको शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका बालकक्षा शिक्षक, शिक्षक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षाप्रेमी तथा गैरसरकारी संस्थाका व्यक्तिलाई प्रत्येक वर्ष धुनिवेशी शिक्षा पुरस्कार प्रदान गर्नेछ ।

१०. **पुरस्कार तथा सम्मानः** धुनिवेशी शिक्षा पुरस्कारका लागि छनोट भएका व्यक्तिलाई दोसल्ला, पदक र सम्मान-पत्रबाट पुरस्कृत गरिनेछ ।पदक नगर शिक्षा समितिले तय गरेको गुणस्तरबमोजिमको हुनेछ ।

११. **पुरस्कृत हुने व्यक्तिः** (१) धुनिवेशी शिक्षा पुरस्कार प्राप्त गर्ने व्यक्ति निम्न वर्ग अनुसार हुनेछन्:

(क) शिक्षकः सर्वोत्कृष्ट औषत जिपिए हासिल गर्ने ३ जना

(ख) विद्यालय कर्मचारीः दुई जना

(ग) प्रधानाध्यापकः एक जना

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षः एक जना

(ङ) शिक्षा क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरुमध्येः एक जना

(च) गैरसरकारी संस्था वा संस्थाका व्यक्तिः एक जना ।

१२. **छनोटका आधारः** (१) धुनिवेशी शिक्षा पुरस्कारबाट पुरस्कृत हुने व्यक्तिको छनोटको आधार अनुसूची- ३मा उल्लेख गरेबमोजिम हुनेछ ।

(२) छनोट आधार वर्षको शिक्षण कार्यबाट समग्रमा विद्यार्थी सिकाइ उपलब्धी कम्तिमा २.८ जिपिए ल्याउने शिक्षक धुनिवेशी शिक्षा पुरस्कार छनोट प्रक्रियामा सहभागी हुन योग्य मानिनेछ ।

## परिच्छेद- ५

## दीर्घसेवा र अवकास प्राप्त शिक्षक र विद्यालय कर्मचारीको सम्मान

१३. दीर्घसेवा र अवकास हुने शिक्षक तथा विद्यालय कर्मचारीलाई सम्मानः (१) सामुदायिक विद्यालयमा नियमितरुपमा २० वर्ष सेवा गरेका शिक्षक तथा विद्यालय कर्मचारीलाई सम्मानपत्र, दोसल्ला र मायाको चिनोबाट सम्मान गरिने छ ।

(२) सामुदायिक विद्यालयका ६० वर्ष उमेर हदका कारण अनिवार्य रुपमा सेवाबाट निवृत्त भएका बालकक्षा शिक्षक र विद्यालय कर्मचारीलाई उनीहरुले गरेको सेवाको कदरस्वरुप एक पटकका लागि रु. २५०००।- नगद, दोसल्ला, सम्मानपत्र र मायाको चिनोबाट सम्मानित गरिनेछ ।

## परिच्छेद- ६

## पुरस्कृत तथा सम्मानका लागि व्यक्ति तथा विद्यालय छनोट

१४. **छनोट तथा सिफारिस समितिः** (१) पुरस्कृत तथा सम्मान प्राप्त गर्ने विद्यार्थी, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षाप्रेमी, गैरसरकारी संस्थाका व्यक्ति तथा विद्यालय आदिको छनोटका लागि आवश्यक तथ्याङक संकलन, सोधपुछ, निरीक्षण, अवलोकनसमेत गरी पुरस्कृत तथा सम्मानका लागि योग्य व्यक्ति तथा विद्यालयको विवरण निर्णयार्थ सिफारिस गर्न निम्नानुसारको एक छनोट तथा सिफारिस समिति रहनेछः

संयोजकः सामाजिक विकास समिति संयोजक

सदस्यः नगर प्रमुखले तोकेका एकजना नगर शिक्षा समितिका सदस्य

सदस्यः शिक्षा निर्देशक

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यसचिवः शिक्षा युवा तथा खेलकुद शाखाका अधिकृत कर्मचारी

१५. **पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा विद्यालय छनोटको स्वीकृतिः** (१) छनोट तथा सिफारिस समितिले पेश गरेको पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा विद्यालयहरुको विवरण निर्णार्थ नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(२) नगर शिक्षा समितिले छनोट तथा सिफारिस समितिबाट प्राप्त विवरणमा सत्यापनसमेत गरी आवश्यक निर्देशनसहित उपदफा (१) बमोजिम पेश भएको विवरण स्वीकृत गर्नेछ ।

## परिच्छेद- ७
## विविध

१६. **बाधा अड्काउ फुकाउः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

१७. **खारेजी र बचाउः** यस अघि नगरपालिकाले प्रदान गरेको पुरस्कृत तथा सम्मान यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ । यस निर्देशिकामा रहेका कुनै प्रावधान प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची- १

**<u>उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीले पुरस्कार तथा सम्मानका लागि दिने निवेदनको ढाँचा</u>**

श्री ........................................ विद्यालय

............................................ ...................................., धादिङ ।

विषयः उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई दिने पुरस्कार तथा सम्मान पाऊँ ।

धुनिवेशी नगरपालिकाको मिति ....................... मा प्रकाशित सूचनाबमोजिम मैले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (BLE) .........../माध्यमिक शिक्षा परीक्षा (SEE) ........../ माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLC) .............. मा धुनिवेशी नगरपालिकाको श्री ................................................ विद्यालयबाट ................. परीक्षामा सम्मिलित भई उक्त परीक्षामा उत्कृष्ट नतिजा हासिल गरी उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीले प्राप्त गर्ने पुरस्कार र सम्मानका लागि योग्य भएको हुँदा देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदेन पेश गरेको छु ।

१. निवेदकको नामथरः
   (क) नेपालीमाः
   (ख) अंग्रेजीमाः

२. ठेगानाः
   (क) स्थायीः जिल्ला ............ गापा/नपा ........................ वडा नं. ............ टोल ............
   (ख) सम्पर्क ठेगानाः ..........................................................................................................
   (ग) टेलिफोनः ................................................ मोवाइलः ..........................................
   (घ) इमेलः ......................................................................................

३. सम्मिलित परीक्षाको नामः ...................................... वर्षः ...............................

४. परीक्षाको नतिजामा प्राप्त गरेको जिपिएः ....................

५. संलग्न कागजातः
   (क) विद्यालयको सिफारिस पत्र
   (ख) ग्रेडसिट
   (ग) नागरिकता/ जन्मदर्ता

मैले पेश गरेको विवरण ठिक साँचो हो। झुट्टा ठहरे कानूनबमोजिम सहँला, बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
पूरा नाम थरः
मितिः

अनुसूची- २

## उत्कृष्ट विद्यालय छनोटका आधार

१. विद्यालयको भौतिक संरचना

| क्र. सं. | सूचक | स्तर प्राप्ताङ्क | स्तर निर्धारणका आधार (ठिक आधारमा चिनो लगाउने) |
|---|---|---|---|
| १.१ | कक्षाकोठा | | ० कच्ची, साँघुरो, अध्यारो<br>१ उज्यालो, फराकिलो र सफा<br>२ रंगरोगन र सिकाइ सामग्रीसहित भएको |
| १.२ | कक्षा कोठा र विद्यालय हाता सरसफाइ | | ० नभएको<br>२ उत्तम<br>४ अति उत्तम |
| १.३ | प्रविधि पूर्वाधार | | ० विजुली नभएको<br>१ विजुली, कम्प्युटर र इन्टरनेटको व्यवस्था<br>२ विजुली ब्याकअप र प्रति ४० विद्यार्थी एक कम्प्युटर भएको |
| १.४ | प्रयोगशालाको अवस्था | | ० कुनै पनि प्रयोगशाला नभएको<br>१ विज्ञान र गणितका प्रयोगशाला भएको<br>२ प्रयोगशालाको नियमित प्रयोग भएको |

२. शिक्षक

| क्र. सं. | सूचक | स्तर प्राप्ताङ्क | स्तर निर्धारणका आधार |
|---|---|---|---|
| २.१ | शिक्षकमा सूचना प्रविधि प्रयोगसम्बन्धी क्षमता | | ० सबै शिक्षकमा छैन<br>१ केही शिक्षकमा छ<br>२ सबै शिक्षकमा छ |
| २.२ | शिक्षकको उपस्थिति | | ० औषतमा ७० प्रतिशतभन्दा कम<br>१ ७०-९५ प्रतिशत<br>२ ९५प्रतिशतभन्दा बढी |

३. समुदायको सहभागिता र लगानी

| | | | |
|---|---|---|---|
| ३.१ | विद्यालय विकासमा समुदायको लगानी | | ० १० प्रतिशतभन्दा कम<br>१ ११-२५ प्रतिशतसम्म<br>२ २५ प्रतिशतभन्दा बढी |
| ३.२ | विद्यालयले बोलाएको छलफलमा सहभागी | | ० २० प्रतिशतभन्दा कम<br>१ ७० प्रतिशतसम्म<br>२ ७० प्रतिशतभन्दा बढी |

४. विद्यार्थी संख्या

| | | | |
|---|---|---|---|
| ४.१ | औसतमा प्रति कक्षा विद्यार्थी संख्या | | १ २२ जनाभन्दा कम<br>३ २२-४५ जनासम्म<br>५ ४६ जनाभन्दा बढी |
| ४.२ | कक्षा १० को परीक्षा (एसइइ)मा सहभागी विद्यार्थी संख्या | | १ २१ जना सम्म<br>३ २२-४५ जनासम्म<br>५ ४६ जनाभन्दा बढी |

५. कक्षा शिक्षण

| | | | |
|---|---|---|---|
| ५.१ | शैक्षणिक योजना निर्माण (बार्षिक शैक्षणिक योजना र दैनिक पाठ योजना तथा टिपोट) | | ० कुनै शिक्षकले पनि योजना निर्माण नगरेको<br>१ ५०% शिक्षकले योजना निर्माण गरेको<br>२ ८०% भन्दा बढी शिक्षकले योजना निर्माण गरेको |
| ५.२ | शैक्षिक सामग्री र सूचना प्रविधिसमेतको प्रयोग | | ० कुनै पनि शिक्षकले सामग्री प्रयोग नगरेको<br>३ ६०% शिक्षकले नियमित प्रयोग गरेको<br>५ ९०% शिक्षकले नियमित प्रयोग गरेको |
| ५.३ | शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन | | ० कुनै पनि शिक्षकले नगरेको<br>३ ६०% सम्म शिक्षकले गरेको<br>५ ६०% भन्दा बढी शिक्षकले गरेको |
| ५.४ | विद्यार्थी मूल्याङ्कन र अभिलेख | | ० कुनै पनि शिक्षकले मूल्याङ्कन अभिलेख नगरेको |

| | | | |
|---|---|---|---|
| | | | ३ ३५-६०% शिक्षकले अभिलेख गरेको<br>५ ६०%भन्दा शिक्षकले अभिलेख गरेको |

६. विद्यार्थी मूल्याङ्कन

| | | | |
|---|---|---|---|
| ६.१ | निरन्तर विद्यार्थी मूल्याङ्कन | | ० अद्यावधिक परीक्षा मात्र सञ्चालन<br>१ अभिलेख अद्यावधिक गरिएको<br>२ सिकाइ सुधारमा प्रयोगसमेत गरिएको |
| ६.२ | पाठ्यक्रम र विशिष्टीकरण तालिकाको प्रयोग | | ० कुनै पनि शिक्षकले निर्माणात्मक मूल्यांकन नगरेको<br>३ ६०% शिक्षकले नियमित गरेको<br>५ ६०% भन्दा बढी शिक्षकले नियमित गरेको |

७. शिक्षकको पेशागत विकास

| | | | |
|---|---|---|---|
| ७.१ | शिक्षक तालिम, सेमिनार, उच्च शिक्षा, अवलोकन अध्ययन भ्रमण, अनुसन्धान, पत्रपत्रिका, विषयगत शिक्षक बैठक र छलफल | | ० कुनै पनि कार्य नभएको<br>१ २-५ वटा कार्य भएको<br>२ ५ भन्दा बढी कार्य भएको |
| ७.२ | पुरस्कार/कदरपत्र प्राप्त शिक्षक संख्या | | ० विद्यालयबाट प्रदान गर्ने व्यवस्था नभएको<br>१ नीतिगत व्यवस्था भई कम्तिमा १ शिक्षकले प्राप्त गरेको<br>२ एकभन्दा बढी शिक्षक पुरस्कृत भएको |

८. नेतृत्व र व्यवस्थापन

| | | | |
|---|---|---|---|
| ८.१ | विव्यस, शिअसंघ र बालक्लबका बैठक र निर्णय कार्यान्वियन | | ० निर्णय कार्यान्वियन नभएको<br>१ कम्तिमा ५०% कार्यान्वियन भएको |
| ८.२ | अभिभावक भेला र निर्णय | | ० निर्णय नभएको<br>२ ३ पटक भन्दा बढी भेला र निर्णय भएको |
| ८.३ | शिक्षक स्टाफ बैठक र निर्णय कार्यान्वयन | | ० वर्षमा ५ पटकसम्म बस्ने गरेको र निर्णय कार्यान्वयन भएको<br>१ वर्षमा ६ पटकभन्दा बढी बस्ने र निर्णय कार्यान्वयन हुने गरेको |
| ८.४ | सामाजिक परीक्षण | | ० नियमित नभएको<br>१ नियमितरुपमा भएको |
| ८.५ | विद्यालय सुधार योजना | | ० नियमित नभएको<br>१ नियमित रुपमा भएको |
| ८.६ | आर्थिक व्यवस्था | | ० वर्षेनी लेखापरीक्षण नभएको/बेरुजु रहेको<br>१ लेखापरीक्षण र बेरुजु फछ्र्यौट भएको<br>२ लेखापरीक्षण भएको, बेरुजु नरहेको |

९. सह/अतिरिक्त क्रियाकलाप

| क्र. सं. | सूचक | स्तर प्राप्ताङ्क | स्तर निर्धारणका आधार |
|---|---|---|---|
| ९.१ | क्रियाकलाप संचालन | | ० संचालन नभएको<br>१ वर्षमा बढीमा ४ पटक भएको<br>२ वर्षमा कम्तिमा १० पटक भएको |
| ९.२ | प्रतियोगितामा विद्यालयको सहभागिता | | ० सहभागी नभएको<br>१ ५०% भन्दा बढी प्रतियोगितामा सहभागी |
| ९.३ | रेडक्रस, स्काउट र सदनको गठन | | ० गठन नै नभएको<br>१ सबै गठन भई क्रियाशिल रहेको |

१०. नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर

| | | | |
|---|---|---|---|
| १०.१ | विद्यालय छाड्ने दर | | ० ५% भन्दा बढी विद्यार्थीले छाडेमा<br>२ ५% भन्दा कम विद्यार्थीले विद्यालय छाडेमा<br>४ कुनै पनि विद्यार्थीले कक्षा नछाडेमा |
| १०.२ | कक्षा दोहोऱ्याउने दर | | ० ५% भन्दा बढी विद्यार्थीले कक्षा दोहोऱ्याएमा<br>२ ५% भन्दा कम विद्यार्थीले कक्षा दोहोऱ्याएमा<br>४ कुनै पनि विद्यार्थीले कक्षा नदोहोऱ्याएमा |

११. सिकाइ उपलब्धि

| | | | |
|---|---|---|---|
| ११.१ | कक्षा ५ को औषत जिपिए | | ० १.६ भन्दा कम<br>२ २.८ सम्म |

| | | | |
|---|---|---|---|
| | | | ५ २.८ भन्दा बढी भएमा |
| ११.२ | कक्षा ८ को औषत जिपिए | | ० १.६ भन्दा कम<br>२ २.८ सम्म<br>५ २.८ भन्दा बढी |
| ११.३ | एसइइ परीक्षामा औषत जिपिए | | ० १.६ भन्दा कम<br>२ २.८ सम्म<br>५ २.८ भन्दा बढी भएमा |
| ११.४ | एलएलसी परीक्षामा औषत जिपिए | | ० १.६ भन्दा कम<br>२ २.८ सम्म<br>५ २.८ भन्दा बढी भएमा |

१२. सेवाग्राही सन्तुष्टि

| | | | |
|---|---|---|---|
| १२.१ | विद्यालयप्रति अभिभावक १० जना | | ० ४ जनाभन्दा कमले सन्तुष्टि जनाए<br>१ ५-८ जनासम्मले सन्तुष्टि जनाए<br>२ ८ जनाभन्दा बढीले सन्तुष्टि जनाए |
| १२.२ | विद्यालयप्रति विद्यार्थी १० जना | | ० ४ जनाभन्दा कमले सन्तुष्टि जनाए<br>१ ५-८ जनासम्मले सन्तुष्टि जनाए<br>२ ८ जनाभन्दा बढीले सन्तुष्टि जनाए |
| १२.३ | विद्यालयप्रति शिक्षकको सन्तुष्टि | | ० २५% भन्दा कमले सन्तुष्टि जनाए<br>१ ७५% सम्मले सन्तुष्टि जनाए<br>२ ७५%भन्दा बढीले सन्तुष्टि जनाए |

विद्यालयको समग्र स्तर

| स्तर | स्तर निर्धारणका आधार | विद्यालयको स्तर | स्तरको व्याख्या तथा पृष्ठपोषण |
|---|---|---|---|
| कमजोर (Poor) | ४० प्रतिशतभन्दा कम | | |
| सामान्य (Average) | ४०-७० प्रतिशत | | |
| मध्यम (Fair) | ७०-९० प्रतिशत | | |
| उत्तम (Good) | ९० प्रतिशतभन्दा माथि | | |

अनुसूची- ३

## धुनिवेशी शिक्षा पुरस्कार छनोटका आधार

१. विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारी पुरस्कारका लागि छनोटका आधारः

(क) प्रधानाध्यापकः

(अ) विद्यालयको सबै विषयको औषतमा विद्यार्थीको उत्तीर्ण दरः ३० प्रतिशतभन्दा कम भए ०, ३०-५९ प्रतिशत भए ३, ६०-८९ प्रतिशत भए ६ र सोभन्दा माथि १०० प्रतिशतसम्म भए १० अंक ।

(आ) SEE वा SLC मा प्राध्यापन गरेको विषयमा विद्यार्थीले हासिल गरेको औषत जीपिएः १.९ भन्दा कम भए ०, १.९-२.८ भए ३, २.८ भन्दा बढी ३.२ सम्म भए ६ र ३.२ भन्दा बढी ४ सम्म भए १० अंक ।

(इ) अनुसन्धान तथा लेखन कार्यः कुनै अनुसन्धान नगरेको भए ०, अनुसन्धान गरी लेख प्रकाशन नगरेको भए ३, अनुसन्धान गरी लेख प्रकाशन गरेको भए ५ अंक ।

(ई) प्रवर्द्धनात्मक कार्यः विद्यार्थीको सिकाइ स्तर अभिवृद्धिका लागि कुनै प्रवर्द्धनात्मक कार्य गरी विद्यार्थीको सिकाइ स्तर बढेको भए ५ अंक ।

(उ) कार्य सम्पादन स्तरः न्यून भए १, सामान्य भए ३, उत्तम भए ६ र अतिउत्तम भए १० अंक ।(कार्यसम्पादन करार सम्झौता, शिक्षक स्टाफ र विव्यस बैठक संख्या)

(ऊ) सेवा अवधिः प्रधानाध्यापकमा १ शैस पूरा गरेको भए १, ३ शैस पूरा गरेको भए ३ र पाँच शैस पूरा गरेको भए ५ अंक ।

(ऋ) विद्यार्थी संख्यामा वृद्धिः प्रत्येक कक्षामा न्यूनतम २२ जना विद्यार्थी भई गत शैसमा जति नै रहेको भए १, १० प्रतिशतले वृद्धि भएको भए ३, २० प्रतिशतले वृद्धि भएको भए ६ र ३० प्रतिशतले वृद्धि भएको भए १० अंक ।

(ख) विद्यालयका शिक्षक र विद्यालय कर्मचारीः

(अ) जुन तह र विषयको शिक्षक हो सोही तह र विषयमा अध्यापन गरेका कक्षाहरुमध्ये सबभन्दा माथिल्लो कक्षा एक र सबभन्दा तल्लो कक्षा एक गरी दुई वटा कक्षाका विद्यार्थीहरुको अन्तिम परीक्षाको औषत नतिजाः १.९ भन्दा कम भए ०, १.९-२.८ भए ३, २.८ भन्दा बढी ३.२ सम्म भए ६ र ३.२ भन्दा बढी ४ सम्म भए १० अंक ।

(आ) कार्य सम्पादन स्तरः न्यून भए १, सामान्य भए २, उत्तम भए ३ र अतिउत्तम भए ४ अंक ।

(इ) अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिनः ७० प्रतिशतभन्दा कम भए ०, ७१-८५ प्रतिशतसम्म भए ३, ८६-९५ प्रतिशत भए ६ र ९५ प्रतिशत भन्दा बढी भए १० अंक ।

(ई) अनुसन्धान र लेखन कार्यः कुनै अनुसन्धान नगरेको भए ०, अनुसन्धान गरी लेख प्रकाशन नगरेको भए ६, अनुसन्धान गरी लेख प्रकाशन गरेको भए १० अंक ।

(उ) सेवा अवधिः छ वर्ष भए १, १५ वर्ष भए ३, २१ वर्ष भए ४ र २६ वर्षभन्दा माथि भए ५ अंक ।

तर, विद्यालय कर्मचारीका हकमा बुँदा नं. (अ) र (ई) लागू हुने छैन ।

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षः

(अ) विद्यालयको समग्र शैक्षिक नतिजा स्थानीय तहभित्रको औषतभन्दा माथि रहेको।

(आ) समितिको बैठकको नियमितता, विद्यालय सञ्चालन र व्यवस्थापनमा क्रियाशिलता रहेको ।

(इ) विद्यालयको शिक्षक कर्मचारीको बैठकले पुरस्कारका लागि सिफारिस गर्ने निर्णय गरेको ।

(घ) शिक्षाप्रेमी र गैर सरकारी संस्थाका पदाधिकारीः

नगरपालिकाको शिक्षाक्षेत्रका लागि उदाहरणीय काम गरेका संस्था वा व्यक्ति ।